# जल तथा मौसमविद् समाज-नेपालको विधान २०५८

(२०६३,२०७० र २०७३ को संशोधन सहित)

## जल तथा मौसमविद् समाज-नेपाल (सोहम-नेपाल)

नयाँ बानेश्वर, काठमाडौ

नेपाल

# जल तथा मौसमविद् समाज-नेपालको विधान २०५८

**लागु भएको: २०५८।१०।३**
**पहिलो संशोधन: २०६३।५।१६**
**दोस्रो संशोधन: २०७०।६।२०**
**तेस्रो संशोधन: २०७३।५।३१**

**प्रस्तावना**

नेपालमा जलस्रोतको प्राचुर्यता रहेको छ । यस प्राकृतिक सम्पदाको अधिकतम उपयोग गर्न सकेमा मात्र मुलुकको सर्वाङ्गिण विकास गर्न सकिन्छ । जलस्रोतको परिमाण, गतिशिलता, संचिति एवं निकास सम्बन्धमा मौसमको महत्वपूर्ण प्रभाव रहन्छ । मौसम विज्ञानको पूर्ण ज्ञानको अभाबमा जलस्रोत सम्पदाको मूल्याङ्कन, विश्लेषण तथा समुचित विकास गर्न कठिन छ । यस प्रकार नेपालको सर्वाङ्गिण विकासमा जल विज्ञान विद् तथा मौसम विज्ञान विद्हरुको भूमिका अत्यन्तै संवेदनशील रहने विषयमा दुई मत छैन । वर्तमान अवस्थामा नेपालमा जल विज्ञान तथा मौसम विज्ञान सम्बन्धी अध्ययन अत्यन्तै प्रारम्भिक अवस्थामा रहेकाले यी सम्बन्धी विज्ञहरू हाल संगठित रुपमा छैनन् । तसर्थ यी विधाहरूलाई मौलाउने आवश्यक वातावरण सिर्जना गर्न तथा अन्य प्राविधिक पेशा सरह मुलुकको एकिकृत विकासमा उच्च सहभागिता गराउन, विस्तारित रुपमा यस विषयको अध्ययन, विश्लेषण एवम अनुसन्धान गराई जल तथा मौसम क्षेत्रमा राष्ट्रले विश्वासिलो सुदृढ तथा विकासपरक नीति अंगिकार गर्न सक्ने अवस्था सिर्जना गर्न यी विधा सम्बन्धी जनशक्तिहरुलाई संगठित गरी प्रभावकारी रुपमा संचालन गर्ने यो विधान तयार गरिएको छ ।

**१. नाम, ठेगाना र प्रारम्भ**

क. यो संस्थाको नाम "**जल तथा मौसम विद् समाज - नेपाल**" तथा अंग्रेजीमा **Society of Hydrologists and Meteorologists-Nepal** रहने छ । यस समाजलाई छोटकरीमा **सोहम (SOHAM-*Nepal*)**♦ भनिने छ ।

ख. यो संस्थाको केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा रहनेछ । सम्बन्धित स्थानीय अधिकारीको स्वीकृति लिई नेपाल *राज्य*♣ भित्र यसका शाखा तथा उपशाखाहरू खोल्न सकिनेछ ।

♦ तेस्रो संशोधनद्वारा रुपान्तरित
♣ पहिलो संशोधनद्वारा रुपान्तरित

ग. यो विधानको नाम "जल तथा मौसम विद् समाज – नेपालको विधान २०५८" रहेको छ । यो विधान कानून वमोजिम स्वीकृति प्राप्त भएको मिति देखि लागू हुनेछ ।

**२. संगठित संस्था**

क. यो संस्था एक अविच्छिन्न उत्तराधिकारवाला स्वशासित संगठित संस्था हुनेछ ।

ख. *यो संस्था समाज कल्याण कार्य गर्ने उद्देश्यले स्थापना भएको जनहितकारी मुनाफारहित सामाजिक संस्था हुनेछ।* ♣

ग. यसको छाप तथा प्रतिक चिन्ह अनुसूची १ मा उल्लेख गरिए बमोजिम हुनेछ ।

**३. परिभाषा**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा, यस विधानमा

क. सोहम भन्नाले **जल तथा मौसमविद् समाज - नेपाल** लाई जनाउनेछ ।

ख. "विधान" भन्नाले सोहमको विधान २०५८ लाई जनाउनेछ ।

ग. "नियम वा उपनियम" भन्नाले यो विधान अन्तर्गत बनाइएको नियम वा उपनियमलाई जनाउनेछ ।

घ. "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस विधान र विधान अन्तर्गत बनेको नियम उपनियममा तोकिएका कुरालाई जनाउनेछ ।

ङ. "सदस्य" भन्नाले यस विधान अन्तर्गत सोहमको सदस्यलाई जनाउनेछ ।

च. "समिति" भन्नाले सोहमको कार्यकारिणी समितिलाई जनाउनेछ ।

छ. *"उपसमिति" भन्नाले सोहमको कार्यकारिणि समितिद्वारा विविध प्रयोजनका लागि गठित निर्वाचन, विधान, राष्ट्रिय तथा अन्तराष्ट्रिय सम्मेलन, सल्लाहाकार, सम्पादक मण्डल, लगायतका अन्य उपसमितिहरु जनाउनेछ।* ♣

**४. उद्देश्य**

यस समाजका निम्नलिखित उद्देश्यहरु हुनेछन् :-

क. नेपालमा जल तथा मौसम विज्ञान सम्बन्धी अध्ययन, अनुसन्धान तथा यसको समुचित परिचालन तथा विकास गराउने ।

ख. नेपाली जल तथा मौसमविद्हरूको बौद्धिक तथा पेशागत उन्नतिमा मद्दत पुऱ्याउने र हक हितको संरक्षण गर्ने ।

ग. सम्वन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ, संस्थाहरुसंग सम्पर्क स्थापना गरी आपसी सहयोग तथा सद्भावना बढाउने । यसरी आपसि संपर्क स्थापना गर्नु अघि *नेपाल* ♥ सरकारको सम्बन्धित निकायको पूर्व स्विकृत लिइने छ ।

---

♣ तेस्रो संशोधनद्वारा थप

♥ पहिलो संशोधनद्वारा रुपान्तरित

घ. नेपालको सर्वाङ्गिण विकासमा स्वदेशी जल तथा मौसम विज्ञानसंग सम्वन्धित जनशक्तिको सहभागिताको अधिकतम उपयोग गरेर वा गराएर यस तर्फ स्वदेशी जनशक्तिलाई आत्मनिर्भर बनाउने ।

ङ. जल वा मौसमविद्हरुबीच आपसी सद्भावना, सर्म्पक, सहयोग र पेशागत आचरण अभिवृद्धि गर्ने ।

च. स्वदेशी तथा बिदेशी संघ संस्थासंग संयुक्त वा एक्लै अनुसन्धान गर्दै त्यस सम्बन्धी सामाग्रीहरू प्रकाशित गर्ने, साथै परामर्श सेवा समेत प्रदान गर्ने । यसरी अनुसन्धान गर्नु अघि *नेपाल* ♥ सरकारको सम्बन्धित निकायको पूर्व स्विकृत लिइने छ ।

## ५. सदस्यता

### ५.१ सदस्यको प्रकार

सोहमका निम्न प्रकारका सदस्यहरू रहनेछन् :-

क. साधारण सदस्य ख. आजीवन सदस्य ग. मानार्थ सदस्य

घ. संस्थागत सदस्य ङ. सह-सदस्य

### ५.२ सदस्यको योग्यता

क. साधारण सदस्य

निम्न अवस्थामा कुनै व्यक्तिलाई सोहमको साधारण सदस्यता प्रदान गर्न सकिने छ ।

अ. मान्यता प्राप्त विश्वविद्यालयबाट जल वा मौसम विज्ञान वा जलस्रोतमा स्नातकोत्तर वा सो भन्दा माथिको उपाधि प्राप्त गरेका वा जल वा मौसम विज्ञान वा जलस्रोत *वा इन्जिनियरिङ* ⊕ विषयमा स्नातक गरि कम्तिमा *तीन* ♣ वर्ष जल वा मौसम विज्ञान क्षेत्रमा काम गरेको ।

आ. जल वा मौसम विज्ञानसँग घनिष्ठ सम्बन्ध भएका विषयहरु जस्तै, भौतिक विज्ञान, भूगोल, पर्यावरण, भूगर्भ विज्ञान आदि विषयमा स्नातकोत्तर गरी, जल वा मौसम विज्ञानको क्षेत्रमा कम्तिमा *तीन* ♣ वर्ष काम गरेको ।

इ. ✂ ...................♦

ई. साधारण सभाले पास गरेका अन्य विधाहरुमा स्नातक गरी कम्तिमा *तीन* ♣ वर्ष जल वा मौसम विज्ञानको क्षेत्रमा काम गरेको ।

उ. *नेपाल सरकार वा विश्वविद्यालयमा जल वा मौसम विषयको अधिकृत स्तर वा सो भन्दा माथिको पदमा ५ वर्ष वा सो भन्दा बढी सेवा गरेका व्यक्तिलाई कार्य समितिले उचित ठानेमा सदस्यता दिन सक्ने छ ।* ⊗

ख. आजीवन सदस्य

---

♥ पहिलो संशोधनद्वारा रुपान्तरित

⊕ तेस्रो संशोधनद्वारा रुपान्तरित

♣ पहिलो संशोधनद्वारा संशोधित

♦ तेस्रो संशोधनद्वारा हटाएको

⊗ पहिलो संशोधनद्वारा थप

अ. दफा ५.२ क बमोजिमका सदस्यले साधारण सभाले निर्धारित गरेको *कम्तिमा एक वर्षको साधारण सदस्यता वा तीन वर्षको सह-सदस्यता* ∇ शुल्क तिरेमा आजीवन सदस्यता दिन सकिनेछ ।

आ. ✂ ....................♦

ग. मानार्थ सदस्य

सोहमको प्रतिष्ठा वृद्धि तथा सम्वर्धनका लागि विशेष योगदान गरेको वा राष्ट्रिय तथा अन्तराष्ट्रिय जगतमा जल तथा मौसम विज्ञान पेशाको हितको लागि ठोस योगदान गरेको वा पेशाको प्रतिष्ठा बढाउने कार्य गरेको ख्यातीप्राप्त स्वदेशी वा बिदेशी व्यक्तिलाई समितिले साधारण सभाको स्वीकृति लिएर मानार्थ सदस्यता प्रदान गर्न सक्नेछ । तर यस्ता सदस्यहरूले संस्थाको निर्वाचनमा मतदान गर्न, उम्मेदवार बन्न र प्रस्तावक एवं समर्थक बन्न पाउने छैनन् । ✂ ....................♦

घ. संस्थागत सदस्य

सोहमको प्रतिष्ठा र वाह्य सम्पर्क वृद्धि गर्न र योगदानको कार्यक्षेत्र विस्तारित गर्न गैर सरकारी अध्ययन-अनुसन्धानमुलक संघ संस्थाहरूलाई संस्थागत सदस्यता प्रदान गर्न सकिनेछ, तर यस्ता सदस्यहरूले संस्थाको निर्वाचनमा मतदान गर्न, उम्मेदवार बन्न र प्रस्तावक एवं समर्थक बन्न पाउने छैनन् ।

✂ ....................♦

ङ. सह-सदस्य

सधारण सदस्यता लिन योग्यता नपुगेका कम्तिमा जल तथा मौसम विज्ञानमा स्नातक गरेका वा दफा ५.२ क मा उल्लेखित स्नातकोत्तर उपाधि आवश्यक भनिएको विषयमा स्नातक मात्र गरेको व्यक्तिलाई प्रदान गर्न सकिनेछ । तर यस्ता सदस्यहरूले संस्थाको निर्वाचनमा मतदान गर्न, उम्मेदवार बन्न र प्रस्तावक एवं समर्थक बन्न पाउने छैनन् ।

५.३ सदस्यता प्राप्ति

सोहमको सदस्यता प्राप्तिको लागि दफा ५.२ क मा तोकिएको योग्यता प्राप्त व्यक्तिले शैक्षिक उपाधि एवं नागरिकताको प्रमाण–पत्र को प्रतिलिपी र फोटो सहित आवेदन प्रस्तुत गर्नु पर्नेछ । आवेदन पत्रमा कुनै एक *आजीवन वा* ⊗ साधारण सदस्यले सिफारिस गरेको हुनु पर्नेछ । समितिले यस्तो आवेदन उपर छानविन गरी सदस्यता दिन सक्नेछ ।

५.४ सदस्यताको समाप्ति

देहायको अवस्थामा सदस्यताको समाप्ति हुनेछ :-

क. सदस्यले समितिसमक्ष पेश गरेको लिखित राजिनामा समितिबाट स्वीकृत भएमा ।

ख. सदस्यको मृत्यु भएमा ।

---

∇ तेस्रो संशोधनद्वारा संशोधित

♦ पहिलो संशोधनद्वारा हटाएको

⊗ तेस्रो संशोधनद्वारा संशोधित

ग. सदस्यले सोहमको हक हित बिपरीत कार्य गरेको प्रमाणित भएमा अथवा तोकिएको आचार संहिता उल्लंघन गरेमा निजलाई समितिको सदस्य संख्याको दुइ तिहाई बहुमतको निर्णयबाट निस्कासन गर्न सकिनेछ र सो निष्काशनको आगामी साधारण सभाबाट अनिवार्य रुपले अनुमोदन लिनु पर्नेछ। तर त्यसरी निस्कासन गर्दा निज सदस्यलाई आफ्नो निर्दोषिता प्रमाणित गर्न र आफ्नो प्रतिरक्षा गर्न पाउने अधिकारबाट वन्चित गरिने छैन। समितिको निष्काशनको निर्णयमाथि चित्त नबुझे निजले आगामी साधारण सभामा समितिको अध्यक्ष मार्फत् सफाइको लागि पुनरावेदन गर्न पाउनेछ। साधारण सभा बस्नु बीचको अवधिभर निष्काशित व्यक्ति संगठनको सबै अधिकार र सुबिधाबाट वन्चित रहने छ।

५.५ सदस्यता शुल्क

क. सदस्यहरुले बुझाउनु पर्ने वार्षिक सदस्यता शुल्क समितिले तोकेबमोजिम हुनेछ।

ख. नियम अनुसार सोहमलाई बुझाउनु पर्ने कुनै पनि शुल्क वा रकम निर्धारित समयमा नबुझाएमा समितिले रकम नबुझाएसम्मका लागि त्यस्ता सदस्यको मताधिकार लगायत सोहम सदस्यको नाताले प्राप्त हुने अन्य सबै किसिमका अधिकार र सहुलियतबाट वन्चित गर्न सक्नेछ। तर त्यस्ता सदस्यले उक्त रकम बुझाएपछि त्यस प्रकारको बन्देज स्वतः समाप्त हुनेछ।

## ६. सदस्यको कर्तव्य र अधिकार

६.१ कर्तव्य

सदस्यको कर्तव्य देहायबमोजिम हुनेछ :-

क. सोहम तथा आफ्नो पेशाको हक हित र मर्यादा कायम राख्न सदा तत्पर रहने।

ख सोहमलाई बुझाउनु पर्ने शुल्कहरू समयमा बुझाउने।

ग सोहमको तत्वावधानमा वा सहयोगमा हुने कार्यक्रमलाई सक्दो सहयोग गर्ने।

घ. कुनै अन्य सदस्यको कर्तव्य तथा अधिकारमा बाधा र हानि नोक्सानी नपुऱ्याई सोहमको उद्देश्य प्राप्ति तथा क्रियाकलापमा समान रुपले भाग लिने।

ङ. सोहमद्वारा तोकिएको आचारसंहिताको पालना गर्ने।

६.२ अधिकार

सदस्यको अधिकार देहाय बमोजिम हुनेछ :-

क. सदस्यहरूले साधारण सभा र निर्वाचनमा भाग लिन र एक व्यक्ति एक मतको आधारमा मताधिकारको प्रयोग गर्न पाउनेछन्।

ख. सदस्यहरूले सोहमको आयोजनामा भएको गोष्ठी, प्रवचन, सभा, सम्मेलन र मनोरन्जनका साथै अन्य कार्यक्रममा समान रुपले भाग लिन पाउनेछन्।

ग. सदस्यहरूले विधान अन्तर्गत बनेका नियम उपनियमहरूले दिएका अन्य सुबिधाहरु समान रुपले उपभोग गर्न पाउनेछन्।

**७. साधारण सभा**

७.१ परिभाषा र अधिकार

सोहमका सदस्यहरूको औपचारिक बैठकलाई साधारण सभा मानिनेछ । यसले सोहमको नीति निर्माण गर्नेछ तथा समितिलाई निर्देशन दिनेछ । यो सभा सोहमको सर्वोच्च अंग हुनेछ ।

७.२ साधारण सभाका प्रकार

साधारण सभा दुई प्रकारका हुनेछन् :-

क. वार्षिक साधारण सभा

साधारण सभा साधारणतया प्रत्येक वर्षको *आश्विन महिनाको मसान्त भित्र* ♠ बस्नेछ । वार्षिक साधारण सभाको सार्वजनिक सूचना, सभा बोलाउनुभन्दा कम्तिमा १५ दिन अगावै दिनुपर्नेछ ।

ख. विशेष साधारण सभा

समितिले निम्न परिस्थितिमा कम्तिमा १० दिनको म्याद दिई विशेष सधारण सभा बोलाउन सक्नेछ ।

अ. अत्यन्तै आवश्यक छलफल गर्नु परेमा ।

आ. सोहमका सम्पूर्ण सदस्य संख्याको एक चौथाइ संख्याले विशेष साधारण सभा बोलाउने लिखित माग गरेमा माग गरेको ३५ दिन भित्रमा त्यस्तो साधारण सभा बोलाउन पर्नेछ ।

इ सोहमको विधानमा संशोधन गर्नु परेमा ।

ग. जुनसुकै साधारण सभा बोलाउन परेमा पनि सोको लागि दिइने सार्वजनिक सूचनामा निम्न कुराहरु खुलाउनु पर्नेछ :-

अ. सभा हुने स्थान, मिति र समय ।

आ. सभा बोलाउनु पर्ने कारण र छलफलका विषयहरू ।

७.३ सभाको गणपूरक संख्या

सोहमको साधारणसभाको गणपूरक संख्या सम्पूर्ण सदस्य संख्याको ५१% उपस्थितिलाई मानिनेछ । तोकिएको स्थान र समयमा गणपूरक संख्याको अभावमा साधारण सभा हुन नसकेमा कम्तिमा दुई हप्ता पछि अर्को साधारण सभा बोलाइनेछ , जसमा गणपूरक संख्याको बन्देज रहने छैन ।

७.४ बार्षिक साधारण सभामा छलफल गर्नु पर्ने विषयहरु :-

निम्नलिखित विषयहरू बार्षिक साधारण सभामा अनिवार्य रुपले प्रस्तुत गर्नु पर्नेछ :-

क. सोहमको वार्षिक प्रतिवेदन

ख. वार्षिक आम्दानी खर्चको लेखा परीक्षणको प्रतिवेदन

ग. लेखा परीक्षकको नियुक्ति तथा पारिश्रमिक सम्बन्धी प्रस्ताव

घ. आगामी वर्षको कार्यक्रम ।

---

♠ पहिलो संशोधनद्वारा संशोधित

## ८. कार्यकारिणी समिति

### ८.१ संगठन

सोहमको संचालन र प्रवर्द्धनको निमित्त देहायबमोजिमका निर्वाचित पदाधिकारीहरू रहेको एक कार्यकारिणी समिति रहनेछ :-

| पद | संख्या |
|---|---|
| क. अध्यक्ष | १ जना |
| ख. उपाध्यक्ष | १ जना |
| ग. महासचिव | १ जना |
| घ. सचिव | १ जना |
| ङ. कोषाध्यक्ष | १ जना |
| च. सदस्य | *८ जना - जस मध्ये निर्वाचित ६ सदस्य र नव निर्वाचित कार्यसमितिको पहिलो वैठकले थप २ जना सदस्यहरु मनोनयन गर्नेछ।* ♦ |
| | *जम्मा १३ जना* ♦ |

### ८.२ पदावधि

कार्यकारिणी समितिको पदावधि सामान्यतया *तीन* ♣ वर्षको हुनेछ । तर कुनै कारणवस सो अवधिभित्र नयाँ कार्यकारिणी समितिको निर्वाचन नभएमा बढीमा ६ महिना पदावधि स्वतः कायम रहेको मानिनेछ ।

### ८.३ कार्यकारिणी समितिको कर्तव्य

क. विधान र साधारण सभाको नीति निर्देशनअन्तर्गत रही सोहमको उद्देश्य प्राप्तिको निमित्त कार्यरत रहनुपर्नेछ ।

ख. साधारण सभाप्रति उत्तरदायी रहनु पर्नेछ ।

ग. सोहमको दैनिक कार्य संचालन एवं समयानुकूल कार्यक्रम तर्जुमा गरि कार्यान्वयन गर्नु पर्नेछ ।

घ. साधारण सभासमक्ष लिखित रुपमा सोहमको वार्षिक प्रतिवेदन प्रस्तुत गर्नु पर्नेछ ।

### ८.४ कार्यकारिणी समितिको अधिकार

क. सोहमको विधान अन्तर्गत रही दैनिक कार्य संचालनको लागि नियम र उपनियमहरू बनाउन, खारेज गर्न तथा संशोधन गर्न सक्नेछ ।

ख. आवश्यक कार्यहरु संचालन गर्न सोहमका सदस्यहरुमध्येबाट उपसमितिहरुको गठन गर्न सक्नेछ ।

ग. सोहमको चल वा अचल सम्पतिको नियन्त्रण, सदुपयोग,संरक्षण एवं संवर्द्धन गर्न सक्नेछ ।

घ. यस विधानद्वारा प्रदत्त अधिकारहरू र विधान अन्तर्गत बनेको नियम उपनियमहरुले प्रदान गरेका अन्य अधिकारहरुको प्रयोग गर्न सक्नेछ ।

---

♦ दोस्रो संशोधनद्वारा संशोधित

♣ पहिलो संशोधनद्वारा संशोधित

८.५ कार्य समितिको बैठक

समितिको बैठक नियमित रुपमा वर्षको कम्तिमा ३ पटक बस्नेछ ।

८.६ समितिको बैठकको गणपूरक संख्या

क. समितिको बैठक संचालन हुन सदस्यहरुमध्ये कम्तिमा ५१% को उपस्थितिलाई गणपूरक संख्या मानिने छ ।

८.७ समितिका पदाधिकारी एवं सदस्यहरुको कर्तव्य र अधिकार

क. अध्यक्ष

अ. वैधानिक प्रमुखको रुपमा समितिलाई नेतृत्व प्रदान गर्ने ।

आ. समितिको *बैठकमा* ♥ कुनै कुराको निर्णय लिदा मत बराबर हुन गएमा अध्यक्षको हैसियतले निर्णायक मत दिने ।

इ. सोहमको साधारण सभाको र समितिको वैठकको अध्यक्षता गर्ने ।

ई. समितिले आफ्नो कर्तव्य पालना गरे नगरेको रेखदेख गर्ने र सोको जिम्मेवारी वहन गर्ने ।

उ. समितिको बैठक बोलाउन निर्देशन र स्वीकृति दिने ।

ऊ. आफ्नो उत्तरदायित्वमा आफ्नो केहि वा सम्पूर्ण अधिकारहरू उपाध्यक्षलाई प्रत्यायोजन गर्न सक्ने ।

ए. यस विधान तथा यस अन्तर्गत बनेका नियम वा उपनियमहरुले दिएको अधिकारहरूको उपभोग र कर्तव्यको पालना गर्ने गराउने ।

ख. उपाध्यक्ष

अ. अध्यक्षद्वारा प्रत्यायोजित अधिकारको उपभोग र कर्तव्यको पालना गर्ने र अध्यक्षलाई सघाउने ।

आ. सोहमका विभिन्न उपसमितिहरुको कार्यप्रगतिको रेखदेख गर्ने र सो सम्बन्धीको प्रतिवेदन अध्यक्षसमक्ष पेश गर्ने ।

इ . अध्यक्षको अनुपस्थितिमा वा सो पदनै रिक्त रहन गएमा कार्यवाहक अध्यक्षको रुपमा रही अध्यक्षको अधिकारको उपभोग गर्नुका साथै कर्तव्य पालन गर्ने गराउने ।

ग. महासचिव

अ. अध्यक्षको निर्देशन तथा राय समेत लिई समितिको सम्पूर्ण प्रशासनिक कार्यहरु गर्ने गराउने ।

आ. साधारण सभा तथा समितिका नीति निर्देशन र कार्यक्रमहरु कार्यान्वयन गर्ने गराउने ।

इ. साधारण सभामा समितिको तर्फबाट वार्षिक प्रतिवेदन तथा कार्यक्रमहरु पेश गर्ने ।

इ. आफ्ना केहि अधिकार एवं काम, कर्तव्य उत्तरदायित्व सचिवलाई प्रत्यायोजन गर्न सक्ने ।

उ. यस विधान अन्तर्गत बनेका नियम, उपनियमा तोकिएको अधिकारको उपभोग र कर्तव्यको पालना, गर्ने गराउने ।

ऊ. दैनिक कार्य संचालन गर्ने ।

♥ पहिलो संशोधनद्वारा रुपान्तरित

घ. सचिव

अ. महासचिवको दैनिक कार्यमा सहयोग गर्ने ।

आ. महासचिवद्वारा प्रत्यायोजित अधिकारको उपभोग र कर्तव्यको पालना गर्ने ।

इ. महासचिवको अनुपस्थितिमा वा सो पद रिक्त हुन आएमा अर्को व्यवस्था नहुन्जेलसम्म कायममुकायम महासचिवको रुपमा काम गर्ने ।

ङ. कोषाध्यक्ष

अ. समितिको चल अचल सम्पतिको साथै कोष तथा लेखा सम्बन्धी सम्पूर्ण कुराको अद्यावधिक अभिलेख राख्ने, ✂ .................. ♣ ।

आ. समितिको अध्यक्ष वा अध्यक्षले तोकेको पदाधिकारी र कोषाध्यक्षको संयुक्त दस्तखतबाट सोहमको बैंकको खाता संचालन गर्ने ।

इ. वार्षिक वासलात समिति मार्फत साधारण सभामा पेश गर्ने एवं कार्यकारिणी समितिको निर्देशनमा वार्षिक बजेट तर्जुमा गर्ने ।

च. सदस्य

अ. सोहमको उद्देश्य तथा लक्ष्यअनुरुप कार्य गर्न समितिलाई सक्दो योगदान दिने ।

आ. समितिले तोकेको अन्य काम सम्पन्न गर्ने, गराउने ।

इ. समितिको बैठकमा अन्य पदाधिकारीहरुसरह मतदानमा भाग लिन पाउने ।

९. *सल्लाहाकार बोर्ड*

*सोहमलाई एउटा प्रतिष्ठित संस्थामा लैजान लगायतका महत्वपूर्ण बिषयमा समितिलाई सहयोग तथा राय दिन पांच जना सम्मको एक सल्लाहाकार बोर्ड (The Advisory Board) हुनेछ । सल्लाहाकारहरुको नाउं समितिले चयन गर्ने छ । सल्लाहाकार बोर्डको पदावधि तीन वर्षको हुनेछ। ⊗ आबस्यकता अनुसार सोहमको सदस्य नभएका ब्यक्तित्व पनि सल्लाहाकारमा रहन सक्ने छन ।* ♠

१०. *प्रकाशन सम्बन्धि ब्यबस्था:*

*जर्नल लगायत महत्वपूर्ण प्रकाशन नियमित रुपले गर्ने, गराउन एक संम्पादक मण्डल रहने छ जस्मा प्रधान संम्पादक (The Chief Editor), सह-प्रमुख संम्पादक (Co-Chief Editor) ⊗ तथा आबस्यकतानुसार अन्य संम्पादकहरु (Editors)हुने छन। ♦ संम्पादक मण्डलको पदावधि तीन वर्षको हुनेछ। ⊗ प्रमुख सम्पादकको छनोट कार्यक्षमताको आधारमा कार्यसमितिले गर्ने छ र प्रमुख संम्पादकको राय बमोजिम आवश्यकता अनुसार सह-प्रमुख संम्पादक तथा अन्य संम्पादकहरुको छनोट हुनेछ ।* ♠

---

♣ पहिलो संशोधनद्वारा हटाएको

⊗ तेस्रो संशोधनद्वारा थप

♠ पहिलो संशोधनद्वारा थप

♦ तेस्रो संशोधनद्वारा रुपान्तरित

## ११. निर्वाचन

११.१ योग्यता र मताधिकार

क. समितिको निर्वाचनमा उम्मेदवार, प्रस्तावक वा समर्थक हुन सोहमको साधारण वा आजीवन सदस्य हुनु पर्नेछ र एक व्यक्ति एक पदको लागि मात्र उम्मेदवार हुन पाउनेछ ।

ख. सोहमको कार्यकारिणी समितिका कुनै पनि पदमा उम्मेदवार हुन र प्रत्येक पदको लागि मत प्रयोग गर्दा एक व्यक्ति एक मतको आधारमा गोप्य मतदान गरिनेछ ।

ग. उम्मेदवार हुन चाहने सदस्यले सोहमलाई बुझाउनु पर्ने शुल्क र अन्य रकमहरू उम्मेदवार हुनु अगावै चुक्ता गरेको हुनु पर्नेछ ।

घ. प्रत्येक उम्मेदवारको लागि एक प्रस्तावक र एक जना समर्थक हुनु अनिवार्य छ ।

ङ. निर्वाचनमा उम्मेदवार हुन र मत प्रयोग गर्न यस विधान अन्तर्गतका अन्य कुनै दफाले अयोग्य नभएको हुनुपर्नेछ ।

च. माथि जे जस्तो लेखिएतापनि अध्यक्ष पदमा निर्वाचित भई २ पटक कारोवार सम्हालिसकेको सदस्य पुनः अध्यक्ष पदमा उम्मेदवार हुन पाउने छैन।

छ. *अध्यक्षको पदमा उम्मेदवार हुन समिति वा कुनै उपसमितिमा रही एक कार्यकाल पुरा गरेको हुनुपर्ने छ ।* ∇

११.२ निर्वाचन विधि

क. समितिले आफ्नो कार्य अवधि समाप्त हुनुभन्दा ३० दिन अगावै सोहमका सदस्यमध्येबाट कम्तिमा ३ जनाको एक निर्वाचन समिति गठन गर्नेछ ।

ख. निर्वाचन समिति गठन भएको १० दिन भित्रै यस समितिले निर्वाचन कार्यक्रम प्रकाशित गरी निर्वाचन प्रक्रिया प्रारम्भ गर्नेछ र गठन भएको *३०* ♦ दिन भित्र निर्वाचन सम्पन्न गराइसक्नु पर्नेछ ।

ग. निर्वाचन समितिले तोकेको मितिभित्र उम्मेदवार हुन चाहने सदस्यले तोकिएको ढाँचाको उम्मेदवारी फाराम भरी तोकिएको समय भित्र निर्वाचन समितिलाई बुझाउनु पर्नेछ ।

घ. निर्वाचन समितिको सदस्य कार्यकारिणी समितिका लागि उम्मेदवार हुन पाउने छैन ।

ङ. समितिको निर्वाचन सम्पन्न भई नयाँ समिति गठन भएपछि निर्वाचन समिति स्वतः खारेज हुनेछ ।

च. ✂ .................. ♣

## १२. समितिको पदावधि समाप्ति र रिक्त पदको पदपूर्ति

१२.१ पदावधि समाप्ति

समितिका पदाधिकारी तथा सदस्यहरुको पदावधि यस विधानका अन्य दफामा तोकिएको अवस्थामा वाहेक देहायका अवस्थामा समाप्त हुनेछ ।

---

∇ तेस्रो संशोधनद्वारा थप

♦ पहिलो संशोधनद्वारा संशोधित

♣ पहिलो संशोधनद्वारा हटाएको

क. समितिका पदाधिकारी तथा सदस्यहरुको लिखित राजिनामा स्वीकृत भएमा ।

ख. अग्रिम सूचना बिना समितिको लगातार ४ वटा वैठकमा अनुपस्थित रहेमा ।

ग. कार्यकारिणी समितिले सामुहिक राजीनामा दिएमा । यस प्रकारको राजिनामा साधारण सभासमक्ष मात्र पेश गर्न पाइनेछ । सो अवस्थामा साधारण सभाको निर्णयबमोजिम हुनेछ ।

घ. साधारण सदस्य वा आजीवन सदस्य नरहेमा ।

१२.२ पदपूर्ति

समितिका पदाधिकारी तथा सदस्यहरूको पदावधि दफा १२.१ बमोजिम समाप्त हुन आएमा सो पदको बाँकी अवधिका लागि निम्नबमोजिम पदपूर्ति गरिनेछ ।

क. अध्यक्षको पद उपाध्यक्षद्वारा ।

ख. उपाध्यक्षको पद समितिका सदस्यहरूमध्येबाट समितिको निर्णयबमोजिम तोकिएको व्यक्तिद्वारा ।

ग. महासचिवको पद सचिवद्वारा र सचिवको पद समितिको निर्णयबमोजिम समितिको कुनै सदस्यद्वारा ।

घ. कोषाध्यक्षको पद समितिका सदस्यहरूमध्येबाट समितिले निर्णय गरेको व्यक्तिद्वारा ।

ङ. कार्यकारिणी समितिको सदस्यको दुईभन्दा बढी पद कुनै कारण बाट रिक्त हुन गएमा साधारण सभाबाट पदपूर्ति गरिनेछ, तर दुई रिक्त पदसम्मको लागि समितिले साधारण सदस्यहरुमध्येबाट पदपूर्ति गर्न सक्नेछ ।

**१३. अविश्वासको प्रस्ताव**

क. समितिविरुद्ध वा समितिको कुनै पदाधिकारी वा सदस्यका विरुद्ध कारण देखाई अविश्वासको प्रस्ताव ल्याउन सकिनेछ । अध्यक्ष वा समितिको विरुद्ध अविश्वासको प्रस्ताव छलफल गरिने साधारण सभाको अध्यक्षता साधारण सभाले चुनेको सदस्यबाट सम्पन्न हुनेछ ।

ख. समितिको पदाधिकारी वा समितिको कुनै सदस्यको विरुद्ध अविश्वासको प्रस्ताव ल्याउनका लागि कम्तिमा २५ प्रतिशत सदस्यले समिति समक्ष लिखित माग गर्नु पर्नेछ ।

ग. दफा ७.२ मा जेसुकै लेखिएको भएतापनि समितिको विरुद्ध अविश्वासको प्रस्ताव ल्याउनका लागि कम्तिमा ४० प्रतिशत सदस्यको लिखित माग हुनु जरुरी रहनेछ । यसरी अविश्वासको प्रस्ताव आएमा समितिले यस विधानबमोजिम विशेष साधारण सभा बोलाउनेछ र सो सभामा सम्पूर्ण साधारण सदस्यको कम्तिमा २ तिहाइ सदस्यले अविश्वासको प्रस्तावको पक्षमा मत दिएमा मात्र अविश्वासको प्रस्ताव पारित भएको मानिनेछ । तर अविश्वासको प्रस्ताव लागेको पदाधिकारिलाई सफाइको मौका भने दिइनेछ । दफा ७.२ मा जेसुकै लेखिएको भएतापनि समितिकै विरुद्ध अविश्वासको प्रस्ताव छलफल हुने साधारण सभामा कूल सदस्य संख्याको ५१ प्रतिशत संख्याको उपस्थितिलाई गणपूरक संख्या मानिनेछ ।

घ. अविश्वासको प्रस्ताव पारित हुनासाथ समितिका वा समितिका पदाधिकारी वा सदस्यको अधिकार स्वतः समाप्त हुनेछ र सो साधारण सभाले अर्को समितिको निर्वाचन नभएसम्मका लागि एउटा तदर्थ समिति गठन गर्नेछ । सो तदर्थ समितिले यस विधान बमोजिम ३० दिनभित्र निर्वाचन समिति गठन गर्नेछ ।

ङ. यस किसिमको अविश्वासको प्रस्ताव ल्याउंदा साधारण सभा बस्नु भन्दा कम्तिमा एक महिनाअगाडि समितिलाई लिखित रुपमा सूचना गर्नु पर्नेछ ।

**१४. विधान संशोधन**

क. सोहमको विघटन र उद्देश्य बिपरित कार्य गर्न बाहेक यस विधानमा सबै संशोधनहरू सम्पूर्ण साधारण सदस्य संख्याको दुई तिहाई बहुमतको निर्णयले गर्न सकिनेछ ।

ख. संशोधनको निम्ति कार्यकारिणी समितिले निर्णय लिएमा वा कुल सदस्य संख्याको कम्तिमा २५ % सदस्यले लिखित रुपमा प्रस्ताव पेश गरेमा कार्यकारिणी समितिले यस्तो प्रस्ताव प्राप्त भएको तीन महिनाभित्र संशोधनको प्रस्तावलाई यसै दफाको खण्ड क अनुसार कार्वाही गर्नु पर्नेछ । संशोधित विधान स्थानीय अधिकारीको स्वीकृति लिई लागू गरिनेछ ।

**१५. सम्पत्ति, आर्थिक श्रोत र लेखा परीक्षण**

क. सम्पत्ति

सोहमको सम्पूर्ण चल वा अचल सम्पति सोहममा नै निहित रहनेछ । तत्कालिन कार्यकारिणी समितिले आवश्यकताअनुसार यसलाई संचालन गर्नेछ । सोहमले व्यक्ति सरह चल अचल सम्पति प्राप्त गर्न, बिक्री व्यवहार गर्न र राख्न सक्नेछ । आफ्नो नाममा परेको उजुरीमा प्रतिवाद समेत गर्न गराउन सक्नेछ । चल अचल सम्पतिको अद्यावधिक अभिलेख राखिनेछ । *माथि जे जस्तो लेखिएतापनि सोहमको सदस्यता तथा वचत रकम खर्च गर्नु अघि साधारण सभाको अनुमति लिनु आवश्यक छ।* ♥

ख. आर्थिक श्रोत तथा कार्यविधि

सोहमको आर्थिक श्रोतहरु निम्नबमोजिम रहनेछः :-

अ. सदस्यहरुबाट प्राप्त हुने वार्षिक शुल्क ।

आ. *नेपाल* ♣ सरकार, स्वदेशीसंघ संस्था वा अन्य निकायहरू तथा व्यक्ति आदिवाट प्राप्त अनुदान ।

इ, *नेपाल* ♣ सरकारको स्विकृति लिइ विभिन्न विदेशी संघ सस्था आदिबाट प्राप्त सहयोग अनुदान ।

ई. अन्य वैधानिक श्रोतहरु ।

उ. सोहमको एउटा आफ्नो छुट्टै कोष हुनेछ । समितिलाई प्राप्त भएका सबै नगद रकमहरु बैंकमा खाता खोली जम्मा गरिने छ ।

ऊ. आर्थिक वर्ष प्रत्येक वर्षको साउन १ गते प्रारम्भ भई असार मसान्तमा अत्य हुनेछ ।

ए. सोहमको प्रत्येक वर्षको आम्दानी खर्चको विवरणको लेखा परीक्षण *नेपाल* ♣ सरकारको इजाजत प्राप्त लेखा परीक्षकबाट गराइने छ । लेखा परीक्षणको प्रतिवेदन प्रत्येक वर्ष स्थानीय अधिकारी समक्ष पेश गरिने छ ।

**१६. शुल्क**

वार्षिक शुल्क र आजीवन शुल्क कार्यकारिणी समितिले तोके बमोजिम हुनेछ ।

**१७. निष्कृयता**

---

♥ तेस्रो संशोधनद्वारा थप

♣ पहिलो संशोधनद्वारा रुपान्तरित

यस विधानमा लेखिएको कुनै कुरा प्रचलित ऐन कानूनसंग बाझिएमा बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछ ।

**१८. विघटन**

सोहमको विघटन प्रस्ताव राखी सबै सदस्यहरूलाई पूर्व लिखित सूचनाद्वारा बोलाइएको साधारण सभामा यस समाजको सम्पूर्ण सदस्यको तीन चौथाइ बहुमतको निर्णयद्वारा सोहमको विघटन गर्न सकिनेछ । यसरी वा अन्य कुनै कारणवश विघटन हुँदा संस्थाको सम्पत्ति *नेपाल* ♣ सरकारको हुनेछ ।

अनुसूची १

छाप तथा प्रतिक चिन्ह

♣ पहिलो संशोधनद्वारा रुपान्तरित